
# चौथो दिन

- जनवकालतको रणनीति
- भूमिकाको चयन, सन्देश तथा क्रियाकलाप
- समयसीमा, बजेट तथा अनुगमन



# सत्र – १३
# जनवकालतका चरण – जनवकालतको रणनीतिलाई अन्तिम रूप दिनु: भूमिका, मूलसन्देश र क्रियाकलापहरू

समय : १ घण्टा ३० मिनेट

## सत्रको समग्र उद्देश्य

मुख्य सन्देश, क्रियाकलाप तथा व्यक्तिहरूको भूमिकाका आधारमा जनवकालतका रणनीतिलाई अन्तिम रूप दिने प्रक्रियाका बारेमा परिचित हुनु ।

## सत्रका विशेष उद्देश्य

- जनवकालत पहलमा विभिन्न व्यक्तिहरूको भूमिका पहिचान प्रक्रियाको व्याख्या गर्ने ।
- जनवकालका लागि मुख्य सन्देश पहिचान गर्दा विचार गर्नुपर्ने तत्त्वहरू पहिचान गर्ने ।
- विभिन्न सवालका लागि जनवकालतका क्रियाकलाप पता लगाउने प्रक्रियाका बारेमा व्याख्या गर्ने ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप १३.१ अघिल्लो दिनको समीक्षा | २० | (२०) |
| क्रियाकलाप १३.२ भूमिका | १० | (३०) |
| क्रियाकलाप १३.३ मुख्य भूमिका र सन्देशको प्रस्तुतीकरण | ३० | (६०) |
| क्रियाकलाप १३.४ प्रस्तुतीकरण भएका विषयमा पूर्णछलफल | ३० | (९०) |

### पूर्व तयारी

- सत्रका लागि पर्याप्त समय छुट्याइएको छ छैन भन्ने कुरा विचार गर्नुपर्छ । भूमिका चयन, लक्षित स्रोताका लागि मुख्य सन्देशको ढाँचा तयार गर्ने आदि कुरामा आफ्नो अनुभवका आधारमा विभिन्न उदाहरणहरू प्रस्तुत गर्न सकिन्छ । यस्ता उदाहरणहरू सत्र सुरु हुनुपूर्व नै तयार गर्नुपर्दछ ।
- सन्देशको ढाँचा तयार गर्नका लागि यदि सञ्चार सिद्धान्तबाट सन्देश लिनु महत्त्वपूर्ण हुन्छ र यसले सत्र सञ्चालन गर्न थप सहयोग गर्दछ ।
- विशेष भूमिका खेल्नका लागि व्यक्तिगत क्षमतामा ध्यान दिनुपर्छ । भूमिका प्रदर्शनका लागि अनुपयुक्त व्यक्तिको छनोटका कारण असफल भएका उदाहरणहरू प्रस्तुत गर्नुपर्दछ जुन कुनै प्रतिष्ठाका कारणले गर्दा भूमिका प्रदर्शनको क्रममा असफल भएको थियो । संक्षेपमा भन्नुपर्दा कुनै सन्देश प्रसार गर्नका लागि उपयुक्त व्यक्तिका लागि उपयुक्त भूमिका दिन सकेमा सन्देश सही तरिकाले प्रसार गर्न सकिन्छ ।

**सत्रका लागि  चाहिने सामग्री**

स्रोत सामग्री १३.१ जनवकालत योजना ढाँचाका लागि तर्कसङ्गत चरणहरू

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – १३

**क्रियाकलाप १३.१ अघिल्लो दिनको समीक्षा**

समय : २० मिनेट

अघिल्लो दिनको समीक्षाका लागि आफूलाई सजिलो लाग्ने कुनै पनि प्रक्रिया अपनाउन सकिन्छ (स्रोत सामग्री ५.१ हेर्नुहोस्)।

**क्रियाकलाप १३.२ भूमिका प्रदर्शन**

समय : १० मिनेट

- एउटै सवालमा विभिन्न भूमिका प्रदर्शनबाट सत्रको सुरुआत गर्नसकिन्छ । भूमिका प्रदर्शनका लागि सात जना सहभागीको आवश्यकता पर्दछ । सीपको आधारमा भूमिका प्रदर्शन गर्ने व्यक्तिको छनोट गर्नुपर्दछ । उनीहरूले प्रदर्शन गर्नुपर्ने भूमिकाका बारेमा एक दिनअघि नै स्पष्ट रूपमा उनीहरूलाई बताइ दिनुपर्दछ । उनीहरूलाई तयारीका लागि सहयोगको आवश्यकता परेको खण्डमा मद्दत पनि गर्नुपर्दछ । भूमिकाको प्रकृतिअनुसार उनीहरूले विभिन्न भेषभुषा पनि प्रयोग गर्न सक्दछन् ।
- भूमिका प्रदर्शनका लागि सवाल छनोट गर्नुपर्दछ । तालिमको दौरानमा छलफल गरिएका सावलहरूमध्ये कुनै विशेष एक सवाल छान्न सकिन्छ । यस तालिममा भूमिका प्रदर्शनका लागि पहाडी भेकका जनताको वनजन्य स्रोत प्रयोगमा अधिकार नहुनु भन्ने सवाल छान्न सकिन्छ । भूमिका प्रदर्शनको प्रक्रिया निम्नानुसार हुन्छ :
  - एकजना मान्छे पत्रिका बेच्न आउदै हुन्छ र उसले समाचारपत्रका मुख्य शीर्षक वाचन गर्दै आउँदछ । हलमा एक दुई फन्का लगाई हल छाड्दछ ।
  - त्यसपछि दुई तीन जना तालिम हलमा आएर सोही सवालका बारेमा भाषण (Corner Speech) दिन थाल्दछन् । ती भाषण दिने मान्छेहरू उक्त सवालका बारेमा जानकारी भएका विज्ञ हुन्छन् । दुई तीन मिनेट भाषण दिइसकेपछि उनीहरू पनि हल छाडेर जान्छन् ।
  - त्यसपछि तीन जनाको समूह आएर सोही सवालमा सडक नाटक प्रदर्शन गर्न थाल्दछन् । दुई मिनेट नाटक प्रदर्शन गरी बन्द गर्दछन् ।

- भूमिका प्रदर्शन पश्चात् सबै सहभागीहरूलाई हलमा बस्न लगाउने । तालिम हलमा भएका क्रियाकलापबाट सहभागीहरूलाई के कस्तो ज्ञान प्राप्त भयो भन्ने विषयमा छलफल गर्ने ।

**क्रियाकलाप १३.३ मुख्य सन्देश र भूमिकाको प्रस्तुतीकरण**

समय : ३० मिनेट

- जनवकालत योजनाको ढाँचा (स्रोत सामग्री १३.१) को बाँकी भाग प्रस्तुत गर्ने । यस प्रस्तुतीकरणमा हतार नगर्ने । यदि सहभागीहरूले थप छलफल गर्न चाहेमा प्रस्तुतीकरणको क्रममा उदाहरण दिनुपूर्व तथा पछि केही समयका लागि प्रस्तुतीकरण रोक्नुपर्दछ । प्रस्तुतकिरणमा एउटा विशेष उदाहरण समावेश गरिनु पर्दछ । आफ्नो अनुभवको आधारमा समान प्रकृतिका एक वा दुई उदाहरण दिनु राम्रो हुन्छ ।

**क्रियाकलाप १३.४ प्रस्तुत भएका सूझावमाथि पूर्ण छलफल**


समय : ३० मिनेट

- प्रस्तुतीकरण समाप्त भएपछि छलफलका लागि समय दिने । यदि सहभागीहरू शान्त भएर बसेका छन् भने छलफल निम्नलिखित प्रश्नहरू सोधेर सुरुआत गर्न सकिन्छ ।
  - हाम्रो सन्दर्भमा हामीले जनवकालताको योजना तयार गर्दा यी चरणहरू पूरा गर्छौं ?
  - उपयुक्त श्रोताका लागि उपयुक्त सन्देश निर्माण गर्न यदि असफल भयौं भने के हुन्छ ? यदि हामीले विशेषज्ञ र भूमिकाका बारेमा सोचेनौं भने के हुन्छ ?

- छलफललाई समयले भ्याएसम्म लम्ब्याउन सकिन्छ । चुपलागेर बसेका सहभागीलाई आफ्नो विचार आदान प्रदान गर्नका लागि प्रोत्साहित गर्नुपर्दछ । जनवकालतका दीर्घकालीन कार्य हो भन्ने तथ्यमाथि प्रकाश पार्दै यस सत्रको अन्त्य गर्नुपर्दछ । तसर्थ उपलब्धी भोलि नै हासिल हुन्छ भन्ने कुरा छैन । त्यसकारण जनवकालतकर्ताहरूले आफ्नो कार्यलाई निरन्तर रूपमा कायम राख्नुपर्दछ ।

# सत्र – १३ का लागि स्रोत सामग्री

## १३.१ जनवकालत योजना ढाँचाका तर्कसङ्गत चरणहरू




**जनजनवकालत रणनीतिलाई अन्तिम रूपदिनका लागि तलका कुरामा विचार गर्नुपर्दछ ।**

- संस्था वा व्यक्तिहरू बीचको भूमिका छनोट गर्ने । यसमा व्यक्ति वा संस्थाले जनवकालता भूमिका खेल्नका लागि के कस्ता तरिका अनुसरण गर्ने भन्ने कुरा पर्दछन् ।
- मुख्य सन्देशको पहिचान - भूमिका प्रदर्शनमा देखाएअनुसार कुन् सन्देश मुख्य हुन्छन् ।
- जनवकालतका क्रियाकलाप परिभाषित गर्नु - के कस्ता क्रियाकलाप कुन् क्रममा सञ्चालन गर्ने भन्ने कुरापर्दछन् ।


### जनवकालतमा भूमिकाको चयन

जनवकालत भनेको एक प्रकारको मुठभेड (confrontation) मात्र होइन । मुठभेड जनवकालतको अन्तिम अवस्थामा अन्य सबै विधिहरू असफल भएपछि मात्र प्रयोग गरिन्छ । मानिसहरूको सोचाइ के छ भने मुठभेडविना जनवकालत अर्थहीन हुन्छ भन्ने कुरा वास्तवमा असत्य हो। मुठभेडविना नै आशा गरिएका परिवर्तन र उद्देश्य हासिल गर्नु जनवकालत गर्दा राम्रो हुन्छ किन भने यसो गर्नु भनेको हामीले विपक्षीलाई राम्रोसित विश्वस्त पारेको देखिन्छ । आफ्नो भूमिकालाई परिभाषित गर्दा नीति विश्लेषण सम्बन्धी सूचनाको प्रयोग यी कुरालाई ध्यानमा राखी गर्नुपर्दछ ।

जनवकालतकर्ताहरूले एकआपसको भूमिका चार पाँच तरिकाले प्रदर्शन गर्न सक्दछन् ।

- **कुशल सूचनादाता :** नीनिगत विश्लेष गर्दा रहेका कमी पूरा गर्न नीति निर्माताहरूलाई प्राविधिक सुझाव दिनुपर्दछ ।
- **इमानदार मध्यस्थकर्ता :** दुबैपक्षले विश्वास गरेका जनवकालतकर्ता नीति निर्माण प्रक्रियामा दुबै निष्पक्ष विशेषज्ञले प्रतियोगी भएर सहभागी हुन सक्तछन् ।
- **क्षमता वृद्धिकर्ता :** जनवकालतकर्ताहरूले सहकर्मी संस्थहरूको क्षमता विकासका लागि विविध प्रकारको सहयोग प्रदान गर्न सक्छन् । यसले गर्दा उनीहरू नीति निर्माणकर्ताहरूलाई प्रभाव पार्न सक्षम हुन्छन् ।
- पक्षपोषकको भूमिका खेल्ने : नीति निर्माण प्रक्रियामा पूर्णसहभागीको रूपमा प्रवेश गर्न सक्नुका साथै एक्लै वा सामूहिक रूपमा नीतिलाई प्रभावित गर्नु तहसम्म पुग्न सक्दछन् ।
- **समुदाय परिचालक :** जनवकालतमा जनकेन्द्रित भावना लुकेकाले जनताको सशक्तीकरण गराउँदछ ताकि उनीहरूले परिवतर्नका लागि प्रभावित गर्न सकून् । सामुदायिक परिचालकहरूले जनतालाई सङ्गठित गराउने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दछन् जनवकालतकर्तालाई होइन ।

**जनवकालतका तरिकाहरू** (Approaches)




**जनवकालतका भूमिका तथा लक्षित श्रोतागण**

भूमिका प्रदर्शनमा देखिए झैं जनवकालतकर्ताहरूको भूमिका लक्षित समूह तथा जनवकालतका लागि चयन गरेको तरिकामा भरपर्दछ । तल दिएका उदाहरण थप स्पष्टताका सहयोगी हुन्छन् :

- यदि लक्षित समूह/समुदाय भएमा भूमिका क्षमता वृद्धि तथा समूह परिचालन सम्बन्धी हुनसक्छ ।
- यदि लक्षित समूह सम्बन्धित मन्त्रालय, मन्त्रीहरू भएमा जनवकालतकर्ताको भूमिका विशेषज्ञ सूचनादाताको हुनसक्दछ । यो भूमिका व्यक्तिगत तथा सार्वजनिक तरिका अपनाएर गर्न सकिन्छ ।
- यदि सहयोगी भूमिका अपनाइएको छ र लक्षित समूह व्यापारी, नेताहरू हुन् भने आफ्नो लक्षित वर्गको पक्षमा बोल्ने मान्छेको भूमिका प्रदर्शन गर्न सक्नुहुन्छ ।
- यदि मुठभेडको तरिका अपनाउनु भएको छ र लक्षित समूह सरकारी कर्मचारीतन्त्र हो भने एक इमान्दार मध्यस्थकर्ताको भूमिका उपयुक्त हुन्छ ।

## मुख्य सन्देश


जनवकालतका मुख्य सन्देशको चयन लक्षित समूह कस्तो छ त्यसको आधारमा हुनुपर्दछ । जनवकालतका लागि दिइने सन्देशमा तलका कुराहरू समावेस हुनुपर्दछ :

- हामी के कुरा प्राप्त गर्न चाहन्छौं ?
- हामी ती कुरा किन प्राप्त गर्न चाहन्छौं ?
- हामी ती कुरा कसरी प्राप्त गर्न चाहन्छौं ?
- स्रोताले के कस्ता विशेष कार्य गर्नुपर्दछ ?

## जनवकालतका क्रियाकलाप

जनवकालतकर्ताको भूमिका तथा सवालको प्रकृतिअनुसार जनवकालतका क्रियाकलाप र तरिका तय गरिनुपर्दछ । यद्यपि साधारण जनवकालतको सुरुवातका लागि तल बताइएका क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ।

- सवाल सम्बन्धी सूचना सङ्कलन- प्रभाव, असर, हुनसक्ने फाइदा र बेफाइदाहरू ।
- सवालका बारेमा बौद्धिक योगदान गर्न सक्ने विशेषज्ञहरूसँग अन्तरक्रिया गर्नुपर्दछ ।
- मुख्य व्यक्तिहरूसित भेटघाट गर्ने जहाँ आशा गरिएका परिवर्तन भएका छन् । प्रभावित क्षेत्रको भ्रमणका लागि त्यस्ता व्यक्तिहरूसित समन्वय गर्ने ।
- सम्बन्धित सहकर्मीहरूसँग बारम्बार अनौपचारिक बैठक गर्ने ।



# सत्र - १४
# जनवकालतका चरण - क्रियाकलाप, समयसीमा र बजेट

समय : १ घण्टा ३० मिनेट

**सत्रको समग्र उद्देश्य**

भूमिका छनोट, मुख्य सन्देशको ढाँचाको तयारी र जनवकालत पहलका लागि क्रियाकलाप छनोटका बारेमा केही व्यवहारिक अनुभव प्राप्त हुने ।

**सत्रको विशेष उद्देश्य**

- प्रदत्त सवालहरूमा जनवकालतको सुरुआत गर्नका लागि व्यक्तिहरूको विभिन्न भूमिकाको चयन गर्नु,
- प्रदत्त सवालहरूमा मुख्यसन्देश र क्रियाकलाप परिभाषित गर्नु ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप १४.१ ध्यानाकर्षक समूह नाच | १० | (१०) |
| क्रियाकलाप १४.२ भूमिका, सन्देश र त्रियाकलाप चयन सम्बन्धी समूहकार्य | ४५ | (५५) |
| क्रियाकलाप १४.३ प्रस्तुतीकरण तथा छलफल | ३५ | (९०) |

**पूर्व तयारी**

- यो सत्र व्यवहारिक अभ्यास भएकाले यसमा पहिलेकै समूहमा प्रस्तुत गरिएका जनवकालतका सन्देशका बारेमा छलफल गरिन्छ । यो सत्रमा धेरै कुरा प्रस्तुत गरिन्न तसर्थ पूर्व सत्रका छलफलमा सक्रिय रूपमा भाग नलिएका सहभागीमा पूर्णध्यान केन्द्रित गर्नुपर्दछ ।
- यो सत्रले सहभागीहरूलाई आफ्ना विचार, धारणा उनीहरूका वास्तविक यथार्थसँग जोडेर हेर्न प्रोत्साहित गर्दछ । तसर्थ समूहकार्यमा सहभागीलाई सहजकर्ताले मद्दत गर्नुपर्दछ ।

**सत्रका लागि चाहिने सामग्री**

स्रोत सामग्री १४.१ भारतको उत्तराञ्चलको बीज बचाउ आन्दोलनको घटना अध्ययन
स्रोत सामग्री १४.२ जनवकालतका लागि बजेट तथा समयसीमा निर्धारण गर्ने सन्देहरू

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – १४

**क्रियाकलाप १४.१ ध्यानाकर्षक - समूह नृत्य**

समय १० मिनेट

तालिम विधिबमोजिम नै यस सत्रको सुरुआत गर्नुपर्दछ ताकि सहभागीहरू बढी लाभान्वित हुन सकून् । अर्को अर्थमा यसले सहभागीहरूमा जोस जोगाउँदछ भने अर्कोतिर पछि हुने छलफलको सत्र सकिएका सत्र भन्दा अझ बढी रोचक हुन्छ । तसर्थ तालिम सुरुआतका लागि यस सत्रमा ध्यानाकर्षक खेल प्रयोगको योजना बनाइएको हो । यहाँ प्रस्तुत भएको जस्तै ध्यानाकर्षकको प्रयोग सबै तालिममा गर्नुपर्छ भन्ने आवश्यकता छैन । सहजकर्ताले आफ्नो इच्छा, सुविधा र आवश्यकताअनुसार अन्य ध्यानाकर्षकको चयन र प्रयोग गर्न सक्दछन् ।

- सत्रको सुरुमै सहभागीलाई हचुवाका आधारमा दुई समूहमा विभाजन गर्ने । दुबै समूहलाई प्रतिस्पर्धात्मक समूह नृत्यका लागि तयारी गर्न लगाउने । विजयी समूहले राम्रो पुरस्कार प्राप्त गर्न सक्ने कुराको जानकारी दिने । समूह नृत्य तयारीका लागि पाँच मिनेटको समय दिने ।
- तालिम हलमा नृत्य प्रस्तुत गर्न लगाउने । समूह नृत्य प्रस्तुतीकरणका लागि दुई मिनेटको समय दिने। सहभागीले तालिम हलमा उपलब्ध भएका बाद्ययन्त्रहरूको प्रयोग गर्नसक्दछन् ।
- सामूह नृत्य सकिसकेपछि प्रतिस्पर्धाका लागि उनीहरूले कसरी फरक भूमिका चयन गरे ? । नर्तक, गायक र संगीतकारको छनोटका आधार के थिए ? भनि प्रश्न गर्ने ।
- सहभागीहरूले व्याख्या गरेका कुरा केही बेर सुने पनि यस विषयलाई जनवकालतसित सम्बन्ध गाँसेर हेर्ने । भूमिका, सन्देश र क्रियाकलापको चयन विविध अवस्थामा, व्यक्ति, उनीहरूको अनुभव तथा इच्छामा भर पर्दछ भन्ने कुरा स्पष्ट पर्ने । अन्त्यमा उनीहरूलाई अब यस्तै प्रकारको अभ्यास गरिने कुराको जानकारी गराउने ।

**क्रियाकलाप १४.२ क्रियाकलाप, समयसीमा तथा बजेटविषयमा समूह कार्य**

समय : ४५ मिनेट

- हचुवाको भरमा सहभागीलाई चार समूहमा विभाजन गर्ने । उनीहरूलाई सातौं सत्रको (स्रोत सामग्री ७.५ र ७.६) मा छलफल भएका दुईवटा चुरे र चिटगाउँ (CHT) घटनाका बारेमा स्मरण दिलाउने ।
- यस सत्रको सुरुमा गरिएका ध्यानाकर्षकसँग यस समूह कार्यलाई जोड्ने । समूह कार्य अभ्यास निम्नलिखित प्रकारले हुने छ :
  - समूह छलफलका लागि : ४५ मिनेटो समय
  - समूह कार्य:
    - जनवकालतका लागि प्राथमिक तथा द्वितीय लक्षित समूहको पहिचान गर्ने ।
    - प्राथमिक लक्षित समूहका लागि विशेष सन्देशको तयार गर्ने ।
    - जनवकालतका लागि समय र बजेटसहित कम्तिमा पनि दुईवटा क्रियाकलाप तयार पार्ने ।
  - समूह कार्यको प्रस्तुतीकरणका लागि खबरकागतमा तयार गर्ने - समूह कार्यको फरमेट यस प्रकार हुनेछ :समूह कार्य बारे सहभागीलाई स्पष्ट पारिसकेपछि तलको फरमेट बाडिदिनु पर्दछ :

| छानिएका नीतिगत सवालहरू:<br>जनवकालतको तरिका<br>लक्षित स्रोता (प्राथमिक) | | |
|---|---|---|
| जनवकालतका क्रियाकलापहरू | समयसीमा | अनुमानित बजेट |
| | | |
| | | |

समूह छलफलमा सहभागीलाई अलमल हुन सक्ने भएकाले सबै सहजकर्ताहरूले समूहलाई सहयोग गर्नका लागि प्रतिसमूहमा पठाउने ताकि उनीहरूले समूहलाई स्पष्ट पार्न सकून् । यस समूहकार्यबाट विभिन्न महत्त्वपूर्ण विषय पहिचान गर्नुपर्ने हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन ।

### क्रियाकलाप १४.३ प्रस्तुतीकरण र छलफल

समय : ३५ मिनेट

- समूहको कुनै एक जनालाई छोटकरीमा समूहकार्यको प्रस्तुतीकरण गर्न लगाउने ।प्रस्तुत गर्दा कुनै पनि बुँदाको व्याख्या नगर्न भन्ने । केवल कागतमा जे लेखेको छ त्यही मात्र पढ्न लगाउने ।
- सबै समूहले प्रस्तुत गरिसके पछि केही समय प्रस्तुतीकरण भएका बुँदाहरू भूमिका, सन्देश तथा क्रियाकालमाथि छलफल गर्ने । छलफलको सुरुवात तल दिएका प्रश्नबाट गर्नसकिन्छ ।

  – विभिन्न व्यक्तिको भूमिका पहिचाल गर्न कतिको सजिलो छ ?
  – दिइएको अवस्थाका लागि सन्देश तयार गर्दा कस्तो अनुभव भयो ?

- प्रस्तुत भएको बुँदामा सहजकर्ताको असहमति भएमा प्रश्न उठाउँनुपर्दछ ताकि सहभागीलाई यसले छलफल गर्नका लागि सहयोग गर्दछ ।
- अन्त्यमा यस सत्रको समापनको क्रममा सहभागीलाई अब हामी वास्तविक व्यावहारिक जनवकालततिर जादैछौं भन्ने कुरा प्रकाश पार्दै समापन गर्ने ।

  – भूमिका र क्रियाकलापको विभाजन योजना तर्जुमाको एक साधन हो । कामको आधारमा धेरै कुरा परिवर्तन गर्न सकिन्छ । यद्यपि सुरु मै यथार्थपरक योजना तर्जुमा गर्न सक्नुपर्दछ । यथार्थपरक योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्नसकिन्छ ।
  – विभिन्न लक्षित समूहरूका लागि जनवकालत गर्न सन्देश तयार गर्ने काम महत्त्वपूर्ण हुन्छ । यदि स्पष्ट र निश्चित् सन्देशविना कुनै मन्त्री कहाँ गइयो भने त्यस्तो भेटघाटले आफ्नो लक्ष्य प्राप्तिमा कुनै ठूलो महत्त्व राख्दैन ।

# सत्र – १४ का लागि स्रोत सामग्री

**१४.१ भारतको उत्तराञ्चलमा बीज बचाउ आन्दोलन घटना अध्ययनः**

भारतको उत्तराञ्चलमा चलेको बीज बचाउ आन्दोलन वास्तवमा चिप्को आन्दोलनबाट (Chipko Movement) उत्पन्न भएको एक सकारात्मक आन्दोलन हो । सुरु भएको निकै पछि मात्र यो आन्दोलन सफल त भयो त्यसपछि आन्दोलनकारीहरू आफ्नो कृषि पेशा गर्नका लागि गाउँ फर्केर रचनात्मक सामाजिक कार्य गर्न थाले । धेरै वर्षसम्म हरित क्रान्ति (Green Revolution ) पनि चलेको थियो र शिखरमा पुगेको थियो । यसका बारेमा धेरै चर्चा भएको कारण यो हरित क्रान्ति व्यापक रूपमा फैलिएको थियो । तर हरित क्रान्ति पर्याप्त मात्रामा पानी पाउने मैदानी क्षेत्रमा मात्र सञ्चालन गर्नका लागि तयार गरिएको थियो यो आकासे पानीको भरमा खेती गर्नु पर्ने कृषि नै मेरुदण्डको रूपमा रहेको पहाडी भागमा भएको थिएन । वास्तवमा हरित क्रान्तिको कृषिसित त्यति सरोकार थिएन किन कि यो आन्दोलन बजार धारणासित बढी सम्बन्धित थियो । यस आन्दोलनले धेरै बाचा गरेको भए तापनि उपलब्धी भने निकै कम भयो बरु हानी बढी भयो ।

समयका साथ साथै के अनुभव भयो भने खेतीमा रासायनिक मल र किटनाशक विषादिको प्रयोगले जमिन, पानी, मानव स्वस्थ्य, पशु स्वास्थ्यमा निकै बढी बेफाइदा गरेपनि यसका लागि केही हुन सकेन । पहाडी भेगका केही कृषकले मात्र आफ्नो खेतमा विषादिको प्रयोग गर्न छाडे । यद्यपि हरित त्रान्तिको एक भागको रूपमा उन्नत बिउको प्रयोग गरी खेती गर्ने कुरा प्रचार प्रसार भइसकेको हुँदा रासायनिक मल र विषादिको प्रयोगविना खेती गर्न कठिन प्राय भइसकेको थियो । यद्यपि कृषकले पछि महसूस गरी उन्नत बिउ र रासायनिक मलको प्रयोगविना परम्परागत स्थानीय बिउको प्रयोग गरी खेती गर्न थालेका थिए । यस्तो निर्णय गरेपनि उनीहरूलाई के अनुभव भयो भने दशकौंको हरित क्रान्तिको कारण स्थानीय जातको बिउबिजान नाश भइसकेको थियो । बीज बचाउ आन्दोलन सुरु हुनुको कारण यही थियो ।

दुईवटा बिउ बचाउन सुरु गरेको आन्दोलन आज गाउँको संरक्षणको भाग भइसकेको छ जसले ३०० भन्दा बढी प्रकारका धान, १८० बढी जातका गेडागुडीको सङ्कलन गरीसकेको छ । स्थानीय जातका धानको बिउ भन्ने धारणा आइसकेको थियो । परम्परागत कृषिको सिद्धान्त जसले खाद्य सुरक्षा र सम्पन्नता ल्याउन सक्छ र साथै मानिस, पानी, हावा, पशु, पृथ्वी बीच राम्रो सन्तुलन प्रभावकारी रूपमा कायम स्थापित गर्न सक्तछ भन्ने सोचको विकास भएको थियो । यसरी डेढ शताब्दी भन्दा बढीसम्म परम्परागत बिउ जीवन र समृद्धिको प्रतीक भएको छ । साना कृषक बढी सङ्गठित तथा सक्रिय भएको कारणबाट बीज बचाउ आन्दोलन परम्परागत ज्ञान, विचार र मूल्यको सिद्धान्तका रूपमा स्थापित हुन पुगेको छ । यसले के दर्शाउँदछ भने कृषकले आफ्नो निर्णय आफै गर्दछन् । प्राकृतिक स्रोतमा नियन्त्रण गर्ने उनीहरूको अधिकार हो तथा यसले नीतिगत निर्णयमा निर्देशन दिने गर्दछ । यसले के देखाउँदछ भने इतिहासका विविध कालखण्डमा कृषकले वैज्ञानिक रूपमा विविध प्रयास गरे, परीक्षण गरे, त्यसमा सुधार गरे तथा कृषी स्वास्थ्य विधालाई संरक्षण गरी स्थायी बनाउँदै आएका छन् । यस अनुभवबाट किसान तथा बीज बचाउ आन्दोलनका आन्दोलनकारी (Chipko Moement) दुबैथरिको अनुभवले चिप्को आन्दोलमा उनीहरूललाई लाभ भएको छ । उनीहरूले यस कुराको प्रचार प्रसारमा

उपलब्ध सबै साधनहरूको जस्तै मौखिक प्रचार, सञ्चार मध्यमको प्रयोग तथा प्रत्यक्ष रूपमा विचार आदान प्रदान आदि गरेका छन् ।

### छलफलका लागि प्रश्नहरू

- यो सफलताको कथा प्रचार गर्नका लागि कसले के भूमिका खेल्नु पर्दछ ?
- जनवकालतका लागि प्राथमिक र द्वितीय लक्षित समूह वा व्यक्ति को हुनुपर्दछ ?
- प्राथमिक लक्षित समूहका लागि विशेष सन्देश के हुन्छ ?
- जनवकालतका लागि कुनै क्रियाकलापका बारेमा सोच्न सक्छौं भने ती के हुन् ?

## १४.२ जनवकालतका लागि समयसीमा र बजेट निर्धारणका लागि केही सन्देश

### समय निर्धारण

यसभन्दा अघिल्लो सत्रमा नै जनवकालत रणनीति योजना प्राय पूरा भइसकेको छ । अन्य योजनाका क्रियाकलापहरूका लागि जसरी समय छुट्याइन्छ त्यसै गरी जनवकालत योजनाका लागि पनि समयसीमा निर्धारण गर्नुपर्दछ । यद्यपि जनवकालत योजना सेवाप्रदान गर्ने कार्यक्रमभन्दा बढी लचिलो हुनुपर्दछ किन कि जनवकालतका धेरै पक्ष जनवकालतकर्ताको आफ्नो नियन्त्रणमा रहँदैनन् । उदाहरणमा लागि राजनीतिक वातावरण जसरी परिवर्तन हुन्छ त्यसै गरी जनवकालतका लक्षित श्रोतसमूह पनि परिवर्तन हुन सक्तछन् । यस मामिलामा जनवकालतकर्ताले आफूले तोकेको समय परिर्तनका साथै जनवकालत रणनीतिमा पनि परिवर्तन गर्नुपर्ने हुनसक्दछ ।

त्यसैगरी कहिलेकाहीँ अकस्मात् लक्षित समूहलाई प्रभावित गर्नसकिने बहुमूल्य अवसरहरू आउन सक्दछन् । यस्तो बेलामा जनवकालतकर्ताले त्यसरी प्राप्त भएका अवसरहरूलाई बढीभन्दा बढी उपयोग गर्नुपर्दछ । कुनै कुनै विषमा वा सवालमा पाँचवर्षमा हासिल गर्न सोचिएका नीति परिवर्तनका कुरा पनि एक वर्षमा नै हासिल गर्न पनि सकिन्छ अथवा लक्षित समूह परिवर्तनका कारण कहिलेकाहीं आफूले नसोचिएका विरोधी पनि उत्पन्न हुन सक्दछन् । यसले गर्दा जनवकालत प्रक्रियाको (Advocacy Process) थालनी पुनः सुरुको अवस्थादेखि सुरु गर्नुपर्ने हुन सक्तछ ।

खासगरी तलका बुँदाहरू महत्त्वपूर्ण छन् :

- नीतिगत वातावरण जनवकालतकर्ता समूहको नियन्त्रणमा रहँदैन । यो शीघ्र शीघ्र परिवर्तन हुन्छ । परिवर्तित नीतिगत वातावरण अनुसार उत्तर दिन सक्षम बन्न सक्नुपर्दछ ।
- जनवकालत पहलले नसोचिएको विषयमा नौलो अनुभव हासिल हुन सक्छ जसलेगर्दा जनकालतले आफ्नो लक्ष्यलाई प्रभावित गर्ने नीतिमा प्रभाव पार्नका निम्ति जनवकालतका पक्षमा महत्त्वपूर्ण अवसर हुनसक्दछ । त्यस्ता अवसरको उपयोग गर्नका लागि जनवकालत कर्ता लचिलो हुनुपर्दछ ।
- आश नगरेका घटनाले गर्दा जनवकालत पहलका लागि नयाँ कार्यक्रमहरू सुरु गर्नुपर्ने हुन्छ । यसरी आइपर्ने घटनाका लागि जगेडा स्रोतको व्यवस्था मिलाउनु आवश्यक छ ।
- निर्धारित समयभन्दापूर्व लक्ष्य (mission) हासिल गर्न सकिएमा अझ बढी प्रभावकारी हुन सक्तछ र तपाईलाई अरुले सफल ठान्दछन् । त्यसकारण योजना बनाउँदा प्राप्त गर्नसकिने कम लक्ष्य राखेर बनाउनु उचित हुन्छ र आफूचाही सिर्जनशील हुनुपर्दछ ।

**बजेटको तयारी**

जनवकालत योजनाका लागि बजेट पनि तयार गर्नुपर्दछ । यद्यपि जनवकालत योजनाका लागि बजेट अनुमान गर्न निकै कठिन हुन्छ किनकि बीचमा आउनसक्ने नयाँ क्रियाकलापहरू पनि योजनामा समावेश गर्नुपर्ने आवश्यकता पर्नसक्दछ जसका लागि अतिरिक्त खर्चको खाँचो पर्दछ । जनवकालतका लागि बजेट र सेवाप्रदायक योजनाको बजेट बीच पाइने मूल फरक भनेको यही नै हो ।

यदि आफ्ना लक्षित श्रोतले प्रभावित जनता भएको ठाँउको भ्रमण गर्न चाहेमा उनीहरूलाई त्यस ठाँउको भ्रमण गराउन सक्नुपर्दछ । यसले गर्दा प्रस्ताव गरेको नीति परिवर्तनका लागि श्रोतागणलाई प्रभाव पार्न सक्ने एक महत्त्वपूर्ण अवसर प्राप्त हुनसक्छ । बीचमा आउने यस प्रकारका इच्छालाई योजनामा समावेश गर्न सकिन्न तर बजेट पहिले नै छुट्याउन सकिन्छ ।

तथापि उल्लेख भएका शीर्षकहरूमा बजेटको अनुमान गरी अग्रिम रूपमा लचिलो भई बजेट तयार गर्न सकिन्छ :

- कर्मचारी खर्च, सामग्री, पारिश्रमिक, कार्यालयका लागि ठाँउ, कार्यालयका लागि उपकरण, सञ्चारका लागि खर्च, भ्रमणका लागि खर्च, भ्रमण, विविध खर्च, व्यवस्थापन खर्च इत्यादि ।
- जनवकालत सम्बन्धी क्रियाकलप - बैठक, सेमिनार, प्रदर्शनी, सडक नाटक आदि ।
- जनवकालतका लागि क्षमता अभिवृद्धि - आन्तरिक तथा बाह्य क्षमता अभिवृद्धि आदि ।
- परामर्श सेवा - अनुसन्धान तथा अन्य ।

# सत्र – १५
# जनवकालतका चरणहरू – अनुगमन र मूल्याङ्कन

समय : १ घण्टा ३० मिनेट

**सत्रको समग्र उद्देश्य**

जनवकालत पहलहरूको अनुगमनका बैचारिक निर्देशनहरूका बारेमा परिचित हुनु ।

**सत्रको विशेष उद्देश्य**

- जनवकालतलाई सामान्य योजना प्रक्रियाका साधनभित्र (tools) समावेश गर्ने तरिकाको व्याख्या गर्नु ।
- जनवकालत पहलको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि केही सहयोगी निर्देशनहरूको व्याख्या गर्नु ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप १५.१ व्यावहारिक निर्देशनहरूको प्रस्तुतीकरण | ३० | (३०) |
| क्रियाकलाप १५.२ प्रस्तुत गरिएका निर्देशनका आधारमा घटना अध्ययनको समीक्षा गर्नु | ३० | (६०) |
| क्रियाकलाप १५.३ पूर्ण छलफल | ३० | (९०) |

**पूर्व तयारी**

- यो लगफ्रेम (Log frame) कसरी तयार गर्ने भन्ने बारेको तालिम होइन । यद्यपि सहजकर्ताको नाताले योजना बनाउने लगफ्रेम विधिका बारेमा जानकारी राख्नु आवश्यक हुन्छ । केही अध्ययन सामग्री सङ्कलन गरी तालिमहलको एउटा कुनामा प्रदर्शनका लागि राख्नु उचित हुन्छ । यदि कुनै सहभागीले त्यस बारेमा बढी जानकारी राख्न चाहेमा कुनामा राखेका अध्ययन सामग्री हेर्न लगाउन सकिन्छ ।
- यदि तपाईलाई लगफ्रेम बाहेक योजना तर्जुमाका अरु नै साधन प्रयोग गर्न सजिलो लाग्छ भने लगफ्रेको स्थानमा तिनै साधनको प्रयोग गर्न सक्नुहुन्छ । जनवकालत योजना तर्जुमाका लागि मात्र लगफ्रेमको योजना तर्जुमा विधि सिक्नु आवश्यक छैन ।

**सत्रका लागि चाहिने सामग्री**

स्रोत सामग्री १५.१ अनुगमन र मूल्याङ्कन

स्रोत सामग्री १५.२ अन्तर पता लगाउनका लागि समस्यात्मक घटना अध्ययन

**अन्य सामग्री**

अनुगमन र मूल्याङ्कनका धारणामा आधारित राम्रोगरी तयार गरेको एउटा कार्टुन ।

# सहजकर्ताहरूका लागि सुझाव – १५

## क्रियाकलाप १५.१ अनुगमन र मूल्याङ्कनको धारणा

समय : ३० मिनेट

- सत्रको सुरुआत कार्टुनबाट गर्नुहोस् । अनुगमन र मूल्याङ्कनको धारणाको छोटकरीमा अर्थझल्काउने खालको कार्टुन राम्रोसित तयार गर्न सकिन्छ । कुनै विशेष किसिमको कार्टुन यस सत्रमा प्रयोगका लागि समावेश गरिएको छैन । सहजकर्ताले विविध सामग्रीबाट उपयुक्त हुने खालको कार्टुनको चयन गरी आवश्यकताअनुसार आफूले तयार गर्नसक्दछन् ।
- कार्टुनको विषयबाट नै जनवकालत पहलको अनुगमन र मूल्याङ्कनका बारेमा छलफल सुरु गर्न सकिन्छ । सामान्यतया सहभागीहरू अनुगमन र मूल्याङ्कनका बारेमा जानकार छन् भन्ने कुरा मान्नुपर्दछ । छलफल अन्य सामान्य सेवाप्रदायक योजना र जनवकालत अनुगमन र मूल्याङ्कन बीच के फरक छ भन्ने कुरामा केन्द्रित हुनुपर्दछ ।
- अनुगमनका लागि एउटा ढाँचा (स्रोत सामग्री १५.१) प्रस्तुत गर्नुपर्दछ तथा त्यसमाथि सहभागीलाई वैचारिक प्रश्न गर्न दिनुपर्दछ । प्रस्तुतीकरणका क्रममा तपाईले दिएका उदाहरणहरू जनवकालत त्रियाकलापसँग सम्बन्धित हुनु आवश्यक हुन्छ ।
- अनुगमनका प्रमाणित गर्नसकिने सूचकहरू समावेश भएका योजनाका अन्य केही साधन जस्तै लगफ्रेमको उदाहरण दिन सकिन्छ । तर लगफ्रेमका बारेमा विस्तृत छलफल गर्नु आवश्यक हुँदैन । यदि कुनै सहभागीले लगफ्रेमका बारेमा प्रश्न गरेमा यस सत्रमा लगफ्रेम प्रक्रियाका बारेमा विस्तृत छलफल हुनसक्ने कुरा सहभागीलाई भद्रतापूर्वक बताउनु पर्दछ ।

## क्रियाकलाप १५.२ घटना अध्ययनको समीक्षा गर्नु

समय : ३० मिनेट

यस सत्रका लागि एउटा समस्यात्मक घटना पहिचान गर्न सक्नुपर्दछ । यदि एउटा चित्र जसमा जनवकालतका विविध पक्ष समावेश नभएको र यसले गर्दा जनवकालत महत्त्वपूर्ण रूपमा अघि बढ्न नसकिरहेको होस् । यस्तो चित्र प्रस्तुत गर्नाले सत्रलाई अझ बढी महत्त्वपूर्ण, रोचक र अर्थपूर्ण बनाउँदछ । स्थानीय तहको वास्तविकतामा आधारित कुनै घटना प्रस्तुत गर्न सकिएमा सिकाइका लागि अति सहयोगी बन्न सक्दछ । यस प्रकारको घटना पाउन नसकिएमा आफैले एउटा काल्पनिक घटना बनाउन पनि सकिन्छ ।

स्रोत सामग्री १५.२ मा उल्लेख गरिएको घटना अध्ययन सहभागीलाई दिने । सहभागीहरूलाई हल बाहिर गएर यो घटना १५ मिनेटभित्र पढी सक्न लगाउने । घटना अध्ययनको समीक्षा व्यक्तिगत तवरमा पूर्वसत्रमा छलफल भएको धारणाका आधारमा गर्न लगाउने । त्यसपछि यो घटनामा छुटेका बुँदाहरू र पहिलेको घटना र यसमा के अन्तर छ पता लगाउन लगाउने ।

**क्रियाकलाप १५.३ पूर्ण छलफल**

समय : ३० मिनेट

- घटनाका बारेमा आफ्ना धारणा आदान प्रदान गर्नका लागि सहभागीलाई पूर्णछलफल गर्न लगाउने । घटनामा अनुगमन र मूल्याङ्कनमा के अन्तर वा छुटेको छ ? भन्ने प्रश्नबाट सहजकर्ता आफैले छलफलको सुरुआत गर्न सक्दछन् । घटनाको अन्त्यमा उठ्ने सान्दर्भिक प्रश्नहरूसित छलफललाई जोड्नु पर्दछ ।
- छलफल अनौपचारिक र खुला रूपमा गर्नुपर्दछ । सहभागीहरूले ठूलो फोरममा सामान्यत आफ्ना धारणा आदान प्रदान गर्दछन् । क्रमवद्ध रूपमा पालैपालो प्रस्तुतीकरणको आवश्यकता हुँदैन । सहभागीको इच्छाअनुसार छासमिस गरी छलफल गर्ने ।
- सत्रको समापन अर्थसङ्कलन, पारदर्शिता, कोषको प्रयोग तथा जनवकालतको अनुगमनमा केन्द्रित गर्दै गर्नुपर्दछ । जनवकालतको नाममा कोषको दुरूपयोग भएको कुनै उदाहरण भएमा छलफलमा त्यसबारे प्रकाश पर्नु उपयुक्त हुन सक्दछ ।


जनवकालतको खर्च के कस्ता क्रियाकलापहरूबाट तयार गरिएको छ कसरी पूरा गर्न चाहेको छ भन्ने कुरामा भरपर्दछ । उदाहरणका लागि कुनै ठूलो होटलमा पत्रकारसम्मेलन गर्दा धेरै खर्च लाग्छ । यस्तो प्रकारको पत्रकारसम्मेलन नजिकमा उपलब्ध हुने कुनै विद्यालयमा गरियो भने निशुल्क पनि हुन सक्तछ । व्यवसायीहरूले नीतिगत अनुसन्धान, नीतिगत विश्लेषण, जनवकालतका सन्देश तयार गर्ने, वृत्तचित्र तयारी गर्ने आदि जस्ता धेरै क्रियाकलाप गर्न सक्छन् । यस प्रकारका क्रियाकलापले जनवकालतलाई बढी खर्चिलो बनाउँदछ । आफ्नै क्षमता अनुसार सञ्चालन गर्दा यस्ता क्रियाकलाप कम खर्चिला हुन्छन् ।

# सत्र – १५ का लागि स्रोत सामग्री

## १५.१ अनुगमन र मूल्याङ्कन

अनुगमन र मूल्याङ्कनको यो ढाँचा सबै प्रकारका योजना र कार्यक्रममा प्रयोग गरिन्छ । यद्यपि यो सत्रमा जनवकालतसँग सम्बन्धित क्रियाकलापको अनुगमन र मूल्याङ्कनमा केन्द्रीत रह्यो । तल बताइएका बुँदामा जोड दिनुपर्दछ ।

- जनवकालतमा पनि अनुगमन र मूल्याङ्कनको यही ढाँचा प्रयोग गर्नसकिन्छ ।
- अनुगमन र मूल्याङ्कनको उद्देश्य अन्य कार्यक्रमको जस्तै हुन्छ ।
- तर जनवकालत क्रियाकलापका उपलब्धीहरू भने फरक र अदृश्य हुन सक्दछन् ।
- जनवकालतका असरहरू अन्तत: देख्न सकिन्छ तर सामान्यतया असर देख्न लामो समय लाग्दछ ।
- जनवकालतको अनुगमन र मूल्याङ्कन बढी गुणात्मक सूचनामा भरपर्दछ ।




### जनवकालतको मूल्याङ्कन

जनवकालतका क्रियाकलापहरूको मूल्याङ्कन गर्नका लागि तलका बुँदाहरूलाई ध्यानमा राख्नुपर्दछ ।

- नीतिगत परिवर्तनको असर प्रत्येक परिवारमा आइपुग्न धेरै समय लाग्न सक्छ ।
- नीतिगत परिवर्तन परिवारको तहमा नभई अन्यत्र स्थानमा हुनसक्दछ । नीति परिवर्तनको प्रभावको लक्षण पता लगाउन गाह्रो हुन्छ ।

## १५.२ नेपालमा बाँधाश्रम अभियान : एक घटना अध्ययन

नेपालमा बाँधाश्रमिक आन्दोलन प्रसिद्ध छ । सरकारले कमैया प्रथा उन्मूलनको घोषणा गरेपछि आन्दोलनको सफलता एक कदम अगाडि बढ्यो । यद्यपि मुक्त कमैयाको पुन: स्थापनाको काम भने अझै चलिरहेको छ ।

यो आन्दोलन थारुजातिका समुदायका लागि कार्य गरिरहेको संस्थाहरूले सानो रूपमा सुरुवात गरेका थिए । अधिकांश यी बँधुवा मजदूर थारु समुदायका हुन् । आन्दोलन सुरु हुँदा यी समुदायसित काम गर्ने संस्थाहरूको लक्ष्य, उद्देश्य, योजना, बजेट तथा नियमका बारेमा स्पष्ट थिएनन् । आन्दोलनको आकार वृद्धिका साथै समयको आवश्यकता अनुसार यी पक्षहरू सबैका सामू स्पष्ट रूपमा अघि आए ।

भाग्यवश धेरै संस्था र सहयोगी समूहले आन्दोलनाई समर्थन गर्नका लागि एउटा मैत्रीगणको गठन गरे । परिणामस्वरूप सरकारले बँधुवा श्रमिक वैधानिक रूपमा उनीहरूका मालिकबाट मुक्त भएको घोषण गऱ्यो । घोषणा भए लगतै सबै श्रमिक धनी मालिकका घरमा बस्तै आएका थिए फुकुवा भएपछि खाना पिना घरवारविहीन भएर सडकमा बस्न बाध्य भए । उनीहरूको आधारभूत मानव अधिकारको कुरा त परै जाओस् उनीहरूको जीवननिर्वाह पहिलेको भन्दा बढी खराब भयो । यस आन्दोललाई सहयोग गर्ने जनवकालतकर्ता संस्थाहरूको बँधुवा श्रम मुक्त भएपछि के गर्ने भन्ने योजना, दृष्टिकोण र रणनीति स्पष्ट नभएको अवस्था छर्लङ्ग देखायो । यहाँसम्म कि उनीहरू आफूले के कस्ता सहयोग गर्ने र कुन् सङ्गठनले के गर्ने भन्ने कुरामासमेत स्पष्ट थिएनन् । आन्दोलन सुरु हुँदा बँधुवा श्रम मुक्त भएपछिको अवस्थाका बारेमा केही पनि सोचिएको थिएन । यसपछि प्रश्नहरू उठे कि जनवकालतको पहल बँधुवा श्रमिकका लागि गरिदैछ या कोसित गरिदैछ ? उनीहरूलाई मुक्त मात्र गरियो या उनीहरूको आफ्नो स्वतन्त्रताको अधिकारको माग गर्न सक्ने क्षमताको विकास पनि गरियो ?

कुनै पनि मामिलामा केही संस्थाहरूले सरकारको विरोधमा रीट दायर गर्न थाले, केही संस्थाले उनीहरूलाई सरकारी जग्गा अतिक्रमण गरी बसोबास गर्न प्रेरित गरे भने अन्य केही संस्थाले बाटोमा नै छाप्रा बनाई बस्न र सरकारसँग मोलतोल गर्न सुझाव दिए । यीमध्ये केही प्रक्रिया अझ पनि चलिरहेका छन् । यद्यपि केही मुक्त श्रमिकको मुक्ति भएपछिको अवस्था पहिलेको भन्दा कष्टकर हुँदै गएको छ भने केही मुक्त श्रमिकहरूले पहिले आफू बसेका मालिक कै घरमा पुन: शरण लिन बाध्य भएका छन् । केही अन्यले सामाजिक रूपमा अमर्यादित काम जस्तै वेश्यवृत्ति, अवैधानिक रूपमा काठ सङ्कलन गर्ने, बजारमा बिक्री गर्ने तथा न्यून ज्यालामा घरायसी कामदार वा नोकरका रूपमा काम गर्न थाले ।

माथि उल्लेख गरिएका प्रयासका कारण केही श्रमिकले सरकारबाट जमिन र सहयोग प्राप्त गरी घर निर्माण गरेर बसेका छन् । यद्यपि उनीहरूमध्ये धेरै श्रमिकहरूले कुनै पनि सहयोग प्राप्त गरेका छैनन् । उनीहरू राहत क्याम्पमा बसेका छन् । क्याम्पमा बसेका मुक्त कमैया श्रमिकहरूलाई केही दात्री संस्थाहरूले कल्याणकारी कार्यक्रममार्फत सहयोग गरिरहेका छन् । मैत्रीगण र सहयोगीगणका संस्थाहरूले जसले आन्दोलनको अगुवाई गर्ने कार्यमा अग्रपंक्तिमा रहेका र थारु समुदायका मुक्त कमैयासित काम गरिरहेका संस्था अहिले मुक्त कमैयालाई बसोबास नगराइकन लोप भइसकेका छन् किन भने करीब ४५,००० परिवारलाई पुनर्स्थापना गराउने कार्य उनीहरूको क्षमता र पहुँच भन्दा बाहिरको कुरा हो ।

**छलफलका लागि प्रश्न**

- यस आन्दोलनका बलिया पक्ष के के हुन् ?
- यस आन्दोलनमा कुन् कुन् कुरा कमी छन् ?
- आगामी दिनमा यस्तो आन्दोलनका लागि कस्तो खालको नयाँ ढाँचा बनाउनु पर्छ भन्ने कुरामा सुझाव दिनुहुन्छ ?

# सत्र - १६
# आधारभूत अवस्था र बातचीतका रणनीति

समय : १ घण्टा ३० मिनेट

**सत्रको समग्र उद्देश्य**

जनवकालत पहलमा बातचित रणनीति बारे धारणा बनाउनु ।

**सत्रको विशेष उद्देश्य**

- जनवकालतका आधारभूत अवस्थाका बारेमा व्याख्या गर्नु ।
- आधारभूत अवस्था तय गर्दा ध्यानदिनुपर्ने तत्त्वहरू निर्धारण गर्नु ।
- जनवकालतमा वार्ता रणनीति तयार गर्दा ध्यानदिनुपर्ने तत्त्वहरूका बारेमा व्याख्या गर्नु ।

| क्रियाकलाप | समय (मिनेटमा) | |
|---|---|---|
| क्रियाकलाप १६.१ आधारभूत अवस्था | ३० | (३०) |
| क्रियाकलाप १५.२ वार्ता रणनीति | ६० | (९०) |

**पूर्व तयारी**

- यस सत्रका लागि अभिनय र अनुकरण खेलहरू छन् । यस सत्रको सफलता अभिनय र अनुकरण खेलको कतिको पर्याप्त रूपमा तयार गरेको छ भन्ने कुरामा भरपर्दछ । यी खेलका लागि उपयुक्त पात्रको चयनमा ध्यान दिनुपर्दछ । आवश्यक परेको खण्डमा अघिल्लो दिनमा नै चयन गर्नुपर्दछ र अनुकरण खेल राम्ररी तयार गर्न लगाउनु पर्दछ ।
- विभिन्न मामिलामा जनवकालत समूहका आधारभूत अवस्थाका उदाहरणहरू दिन सकिन्छ । हामीले राजनीतिक पार्टीहरूले सहकार्यका लागि आधारभूत रेखा कति छिटो तय गर्दछन् भन्ने कुरा स्पष्ट रूपमा देख्न सक्तछौं । यस सत्रमा राजनीतिक क्षेत्रका उदाहरण पनि दिन सकिन्छ ।

**सत्रका लागि आवश्यक सामग्री**

स्रोत सामग्री १६.१ जनवकालतमा बातचित रणनीतिहरू

स्रोत सामग्री १६.२ जनवकालतमा आधारभूत अवस्था तय गर्नका लागि केही निर्देशक बुँदाहरू

स्रोत सामग्री १६.३ बातचितको अनुकरण खेलका केही दृश्यहरू

**अन्य सामग्री**

# सहजकर्ताहरूका लागि सुझाव – १६

## क्रियाकलाप १६.१ जनवकालतमा आधारभूत अवस्था

समय ३० मिनेट

जनवकालत शक्तिशाली तथा शक्तिविहीन वर्ग बीचको व्यवसायिक सङ्घर्ष हो । सङ्घर्ष जहिले पनि आधारभूत तहमा नै लडिन्छ । यद्यपि प्राय: मानिसहरू आफ्नो आधाररेखाका बारेमा सोच्दैनन् । यो कुरा सामाजिक वास्तविकता हो । त्यसकारण भूमिका प्रदर्शनका लागि तयार गर्दा तल दिएका बुँदाहरूलाई आधार मानेर गरेमा राम्रो हुन्छ । एउटा उपयुक्त भूमिका प्रदर्शनको परिदृश्य तल दिइएको छ ।

- वास्तविक जीवनमा जसरी बैठक हुन्छ त्यसमा कुनै बनावटी नगरीकन जनवकालतकर्ता र स्थानीय विशिष्ट वर्गसित एउटा बैठक गर्ने ।
- जनवकालतकर्ता विनातयारी केवल उनीहरूलाई भेट्न जान्छ ।
- स्थानीय विशिष्ट व्यक्तिहरूले जनवकालतकर्तालाई विभिन्न प्रकारका प्रश्न गर्दछन् तर उसले तयारी नगरी गएको हुँदा सवालको जवाफ गर्न सक्तैन ।
- जनवकालतकर्ताले जनवकालतको विषय वस्तुका बारेमा आफूमा पूर्ण आत्मविश्वास भएको कुरा सावित गर्न नै सक्दैन ।
- जनवकालतकर्ताले स्थानीय विशिष्ट व्यक्तिहरू सामू पर्याप्त तर्क प्रस्तुत गर्न सक्दैन ।

यस विषयवस्तुमा भूमिका खेल्नका लागि सहजकर्ताले सत्र सुरुहुनुपूर्व नै विभिन्न सहभागीहरूलाई छान्न सक्तछन् । भूमिका प्रदर्शन गर्ने पात्रको चयन, उनीहरूले गर्नुपर्ने सम्वादको भाषा, आशय र अभिनयले यस भूमिका प्रदर्शनपछि सिकाइको महत्त्व के हुन्छ भन्ने कुरा निर्धारण गर्दछ । त्यस कारण सहजकर्ताले पात्र चयन गर्दा उसको भूमिका कस्तो चरित्रको हुन्छ भन्ने कुरामा बढी ध्यान दिनु आवश्यक हुन्छ ।

- भूमिका प्रदर्शन ताली बजाएर रोक्नु पर्दछ । भूमिका प्रदर्शन सकिएपछि पूर्णछलफल सुरु गर्नुपर्दछ । तल दिएका प्रश्नले छलफल समाप्त गर्न सहयोग गर्दछन् ।
  - भूमिका प्रदर्शनमा के देख्नु भयो ?
  - भूमिका प्रदर्शनमा कुन् कुन् पक्ष बलिया पाउनु भयो ?
  - भूमिका प्रदर्शनमा कुन् कुन् कुरा कमजोर पाउनु भयो ?
  - यी कमजोरीलाई सच्याउन के गर्नुपर्छ ?

- मुख्य प्रश्नहरूको प्रयोग गरी सहभागीलाई जनवकालतका लागि आधाररेखा तयार गर्दा ध्यान दिनुपर्ने कुरामा सुझाव दिनुपर्दछ । सहभागीले बताएका मुख्य बुँदाहरू टिपोट गर्नुपर्दछ ।
- स्रोत सामग्री १६.१ मा उल्लेख गरिएका आधारभूत अवस्था तयगर्दा ध्यान दिनुपर्ने निर्देशनहरू प्रस्तुत गरी छलफल समाप्त गर्नुपर्दछ ।

### क्रियाकलाप १६.२ जनवकालतमा बातचीतका रणनीतिहरू

समय : १ घण्टा

- वार्ता रणनीतिमा (स्रोत सामग्री १६.२) उल्लेख गरिएका विषयहरू प्रस्तुत गरी यस सत्रको सुरुआत गर्नु पर्दछ । प्रस्तुत गरिएका निर्देशनहरू पुष्टि गर्ने खालका व्यावहारिक उदाहरणहरू दिनुपर्दछ ।
- प्रस्तुतीकरण सकेपछि सहभागीहरूलाई वार्ता रणनीतिका बारेमा अनुकरण खेल गर्न लगाउनुपर्दछ । खेलको प्रक्रिया तल उल्लेख गरिएअनुसार छ :
  - ६/६ जनाको दुईवटा समूह बनाउने जसमध्ये ३ जना वहसकर्ता हुने र ३ जना सरकारका प्रतिनिधि बनाएर वार्ताको टेबलमा बस्न लगाउने ।
  - हरेक पक्षलाई वार्ताका लागि आधारभूत अवस्थाका शर्तहरूको छुट्टाछुट्टै सूची दिने ।
  - उनीहरूलाई आआफ्ना वार्ताका रणनीति अलग अलग बनाउन लगाउने ।
  - तालिम हलको बीचमा कुर्सी राखी सहभागीहरूलाई वार्ता गर्न लगाउने ।
  - उनीहरूले वार्ताको छलफल कसरी सुरु गर्दछन् र सम्झौता कसरी गर्दछन् भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । अन्य सहभागीहरूलाई ध्यानपूर्वक हेर्न लगाउने ।

- तालिमका लागि अनुकरण खेलको परिदृश्य (स्रोत सामग्री १६.४) मा दिइएको छ । यद्यपि अन्य तालिम र कार्यशालामा अरु नै अनुकरण खेल आफैं पनि बनाउन सकिन्छ ।
- तल दिएका बुदाँहरूमाथि प्रकाश पार्दै यस सत्रको समापन गर्नुपर्दछ :
  - वार्ता जनवकालतको अन्तिम र अत्यन्त चुनौतिपूर्ण अवस्था हो । जनवकालतको पूर्णसफलता वार्ताकारको वार्ता गर्ने सीपमा भरपर्दछ । त्यसकारण यो अति चुनौतिपूर्ण छ ।
  - सम्झौता लागि टेबलवार्ता गर्दा सञ्चार सीपमा भरपर्दछ । यस चरणमा सहभागी हुने व्यक्तिहरूमा प्रभावकारी सञ्चार सीप हुनु आवश्यक छ ।
  - टेबलवार्ताका लागि वार्ताकार व्यक्तिको छनोट तथा सम्झौता गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ ।

### नोट गर्नु पर्ने कुरा

जनवकालतमा आधारभूत तह भन्ने शब्दको आशय त्यस्तो एक अवस्था हो जुन जनवकालतकर्ताबाट लक्ष्य प्राप्त गर्नुपर्ने आशा गरिएको न्यूनतम अवस्था हो । उदाहरणका लागि समुदायका उपभोक्ता समूहमा यदि तपाईले करको सवाल उठाउनु भएको छ भने उनीहरूका विविन्न प्रकारका आशा हुन सक्छन् । उदाहरणका लागि एउटा अवस्था सरकारले ४०% कर लगाएको हुनसक्छ र सामुदायिक बन उपभोक्ता समूहले आफूलाई करमुक्त संस्था बनाउने कानुनको माग गरिरहेका हुन सक्छन् । यस मामिलामा तपाईको न्यूनतम आशा ४०% करको ठाँउमा ०% कर दिउन भन्ने हुन सक्तैन। यदि सरकारले कर ४०% बाट घटाएर २०% मा ल्यायो भने तपाई खुसी हुने अवस्था आउन सक्दछ । यदि यो मामिला हो भने २०% तपाईको जनवकालतको आधाररेखा (bottom line) हो ।

# सत्र – १६ का लागि स्रोत सामग्री

## १६.१ जनवकालतमा आधाररेखा (bottom line) तय गर्नका लागि केही निर्देशक

### आधाररेखा रणनीति

कुनै पनि सङ्घर्षमा आधारभूत रणनीति हुन्छन् । जनवकालतमा त्यस्तै सिद्धान्त लागु हुन्छ । आधाररेखा रणनीतिले जनवकालतकर्ता समूहले के स्वीकर गर्नुपर्दछ भने न्यूनतम उपलब्धी हुनुपर्दछ भन्ने कुरालाई इङ्गित गर्दछ । सबै मामिलामा यो कुरा लागु हुन्छ भन्ने छैन । कुनै विशेष मामिलामा सञ्चालन भइरहेको सङ्घर्षमा जितभएका कुराहरूले जनवकालतको वास्तविक आधारभूत तहको निर्धारण गर्दछ । यद्यपि योजनाका चरणका लागि सुरुमा नै अनुमानित आधार रेखा तय गरिनुपर्दछ । यसको प्राप्तिका लागि तलका बुँदाहरू/प्रश्नहरूले यसमा ध्यान आकृष्ट गर्नका लागि सहयोग गर्न सक्दछ । नीतिगत सवालहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकारी निकायसित सम्बन्धित हुन्छन् जसले तपाई वा तपाईको संस्थाविरुद्ध कुनै पनि बेला आदेश दिन सक्दछन् । यस्तो अवस्था आएको खण्डमा के गर्नुहुन्छ ?

- जनवकालत पहलको अन्तिम विपक्षी भनेको सरकारी संयन्त्र नै हो । यो संयन्त्रले तपाई वा तपाईको संस्थाको मनोबल गिराउनका लागि प्रयोग हुनसक्दछ । व्यक्तिको मनोबल गिराउनका लागि पनि यस्तो काम हुनसदक्छ ।
- तपाईको कर्मचारीलाई सरकारी निकायहरूले पक्रन सक्छ । उनीहरूले नचाहिँदो आरोप लगाउन सक्दछन् ।
- सरकारी सेना वा पुलिसले तपाईका कर्मचारीहरूलाई पकड्न सक्छन् । उनीहरूलाई विभिन्न आरोप लगाउन सक्दछन् ।
- जनवकालत गर्ने संस्थाका कुनै कर्मचारीलाई हिरासतमा राख्न सक्तछन् ।
- विरोधीहरूले तपाईका कुनै कर्मचारीको अपहरण गर्न सक्छन् ।
- तपाईको संस्थाका कुनै कर्मचारीलाई पदबाट हटाउनका लागि दबाब दिन सक्दछन् ।
- तपाईका विरोधीले फुटाऊ र राज गर भन्ने नीति प्रभावकारी रूपमा प्रयोग गर्न सक्दछन् ।
- तपाईका केही साथीहरूलाई किन्न सक्दछन् ।
- जनवकालत प्रयासमा प्रभावकारी बल वा सहयोग नागरिक समाजबाट प्राप्त हुन सक्दछ जस्तै तपाईका धेरै समर्थक हुनु । तपाईको पछि वा समर्थक कति छन् भनेर समीक्षा गर्नुभएको छ कि छैन । तपाईका विरोधीले आफ्ना समर्थकहरूलाई पहिले नै आफूतर्फ आकर्षित गरिसकेका हुन सक्दछन् ।

## १६.२ जनवकालतमा वार्ता रणनीति

वार्ता भनेको सम्झौताको एक प्रकार हो जुन दुई पक्षका आधारभूत कुरामा मेलखाने गरी घटित हुन्छ । जनवकालतको प्रयासका बेलामा आफ्नो मान्यता, सिद्धान्त र विषयमा तलमाथि नगरीकन वा आफ्ना लागि अनुपयुक्त कुरा छाड्नु हो । वार्तामा यो तरिका बढो होसियार भएर प्रयोग गर्नुपर्दछ । वार्ता सुरुहुनुभन्दापूर्व तलका मूलभूत प्रश्नहरूमा स्पष्ट हुन आवश्यक हुन्छ ।

- वास्तवमा वर्ताकर्ता के प्राप्त गर्न चाहन्छ ?
- विपक्षीले के चाहन्छ ?
- विपक्षीले अस्वीकार गरेभने तपाई के गर्नुहुन्छ ?
- कुनै सवाल बढी महत्त्वपूर्ण हो भनेर समर्थनका लागि के कस्तो चाहना राख्नु भएको छ ?
- विपक्षीका कमजोरी के के हुन् थाहा पाई ती क्षेत्र वा विषयमा तपाई दबाब हाल्न सक्नु हुन्छ (जस्तै सार्वजनिक छवि) ?

### वार्ताको तयारी

वार्ता भनेको सामान्यत: परिस्थिअनुसार हुन्छ । कहिले र केका लागि वार्ता गर्ने भन्ने कुराको निर्धारण जनवकालत प्रयासको परिस्थितिले तय गर्दछ । यद्यपि तलका बुँदाहरूले वार्ताकर्तालाई सहयोग गर्न सक्दछन् ।

- वार्ताका लागि विषय, रणनीति र सवालसित सम्बन्धित (सिद्धान्त होइन) तथ्य तयार गर्नुपर्दछ ।
- वार्ताहुनुभन्दा पहिले नै के कस्ता सम्भावित राम्रा र खराब नतिजा हुन्छ भन्ने कुराको विकल्पको परिकल्पना गर्नुपर्दछ । यिनै कुरा वार्ताकारका आधारसीमा हुन् ।
- सबै पक्षको विजय भई समस्या समाधान हुन्छ भन्ने मान्यता राख्दै सबैको जितका लागि काम गर्ने प्रयास गर्नुपर्दछ । (win-win situation)
- आफ्ना तर्कलाई बलियो बनाउन आवश्यक पर्ने सबै सूचना सङ्कलन गर्नुपर्दछ ।
- सरल र बुझिने भाषाको प्रयोग गर्नुपर्दछ । धेरै प्रश्न सोध्नुपर्दछ र त्यसको उत्तर ध्यानपूर्वक सुन्नुपर्दछ ।
- कुनै कुरामा असहमत हुनुपूर्व त्यसको कारण बताउनुपर्दछ । सामान्य सहमतिमा पुग्न सकिएन भनेर धैर्यता गुमाउँनु हुँदैन । भविष्यका लागि पनि सम्बन्ध बिगार्नु हुँदैन । यस्तो अवस्थाको सिर्जना भए मात्र पुन वार्तामा आउन सकिन्छ ।

## १६.३ वार्ताका लागि अनुकरण खेलको परिदृश्य

स्थानीय सन्दर्भ झल्किने खालको कुनै पनि अवस्थामा यो अनुकरण खेलको अभ्यास गर्नसकिन्छ । तथापि अधिकांश सहभागीलाई विषयवस्तु र चलिरहेको सङ्घर्षका बारेमा राम्रो जानकारी हुनुपर्दछ । यहाँ दिइएको परिदृश्य क्षेत्रीय तहमा गरिने तालिमका लागि तयार गरिएको हो ।

### समूह १

- **घटना :** सामुदायिक प्रभावित वन समूहकातर्फबाट प्रतिनिधित्त्व गर्ने जनवकालतकर्ताका लागि आधार रेखा के हो भने आधारभूत १० % कर मात्र बुझाउने त्यसमा पनि आफ्नो समूह बाहिरका मानिसलाई काठ बेचेर आएको आमदानीबाट मात्र । बन उपभोक्ता समूहले आर्जन गरेको आम्दानीमा ४०% कर
- सरकारकोतर्फबाट प्रतिनिधित्त्व गर्ने वार्ताकारका आधाररेखा अवस्था : उपभोक्ता समूहले सबै आर्जन गरेको सबै प्रकारको आमदानीमा १० % कर भन्दा कम गर्न नसकिने ।

तालिम हलमा यी आधाररेखा रणनीतिका आधारमा छलफल सुरु हुन्छ । यद्यपि समूहलाई एकअर्काका आधारभूत सीमा के हो भन्ने कुरा थाहा हुनुहुँदैन । वर्तमान अवस्थामा वार्ताबाट समाधान हुन सक्तैन भन्ने कुरा आधार रेखा रणनीतिले  अर्थ्याएको कुरा निर्देशन दिने व्यक्तिको माध्यमबाट सहभागीलाई थाहा हुन सक्तछ । दुई समूहले गरेको छलफल, सहभागीले पेश गरेका तर्क, प्रस्तुत तथ्यको सवालसितको सन्दर्भ आदि कुरामा सहजकर्ता र अन्य सहभागीले निरीक्षण गर्नुपर्दछ । यसका साथै समूहले भावी छलफलका लागि भेला हुन सकिने वातावरण बनाए कि बनाएनन्, कुन् विशेष कुरामा बढी उपयुक्त नयाँ आधार रेखा तयार पारे भन्ने कुरा निरीक्षण ध्यानपूर्वक गर्नुपर्दछ ।

**समूह २**

**घटना :** भान गुजार्सको मताधिकार

- भान गुजार्सकोतर्फबाट प्रतिनिधित्त्व गर्ने वार्ताकारका लागि अवस्था : सबै भान गुजार्सका लागि अरु नागरिक सरह मताधिकार ( फिरन्ते जाति भान गुजार) । कहिलेकाहीँ वार्ता परिस्थितिअनुसार वार्ताकारले आफ्नो विवेकको प्रयोग गरी उपयुक्त तथा अनुपयुक्त भनेर छुट्याउने ।
- सरकारको प्रतिनिधित्त्व गर्ने वार्ताकारका लागि आधार रेखा : स्थायीरूपले एकै ठाँउमा बस्ने मानिसलाई मात्र मतदानको अधिकार हुन्छ । यद्यपि यस समूहसित सवालको समाधानका लागि सबैसित गई दिनु आवश्यक हुन्छ ।

**समूह ३**

दुबै समूहको अवस्था अनुसार वार्ता तथा सम्झौता हुन सक्तछ । यद्यपि यसको सफलता भने समूहको गतिशीलतासित सम्बन्धित हुन्छ । समूहले वार्ता तथा सम्भौता गर्न असफल हुनुले समूहले पर्याप्त तयारी नगरेको, वार्ता ठीकसित नभएको देखिन्छ । कमजोरीको विश्लेषण गरी अनुकरण खेल पछि पता लगाउनु पर्दछ ।

